# आदर्श कोतवाल गाउँपालिका
**Aadarsh Kotwal Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
**महेन्द्र आदर्श, बारा**
**Mahendra Aadarsh, Bara**
**मधेश प्रदेश, नेपाल**
**Madhesh Province, Nepal**

पत्र संख्या (Letter No.) : ०८०/०८१
चलानी नं. (Ref. No.) : 829
मिति (Date) : २०८०/११/०४

श्री वडा कार्यालयहरु सबै,

आदर्श कोतवाल गा.पा. बारा ।

विषय : सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा मालपोत कार्यालय, सिम्रौनगढ, बाराको च.नं. १९३३ मिति २०८०/१०/२९ गतेको पत्र साथ प्राप्त भएको छुट जग्गा दर्ता सम्बन्धी सार्वजनिक सूचना तहाँ वडा कार्यालयमा टाँस गरी आफ्नो वडाका गाउँ/टोलहरुमा सर्वसाधारणलाई जानकारी गराइदिनु हुन अनुरोध छ । साथै उक्त सूचनाको छायाँ प्रति पाना १ थान यसै साथ संलग्न गरिएको छ।

२०८०.११.०४

रामएकवाल प्रसाद यादव
प्रशासन शाखा प्रमुख

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय
सिम्रौनगढ बारा ।

प.स.न.-०८०।८१ मालपोत
च.न. : ११३३

मिति २०८०।१०।२९

विषयः- सूचना प्रकाशित गर्न लगाई दिने सम्वन्धमा ।

श्री सिम्रौनगढ नगरपालिका
नगरकार्यपालिका कार्यालय
सिम्रौनगढ बारा

श्री पचरौता नगरपालिका
नगरकार्यपालिका कार्यालय
बेनौली बारा
श्री आदर्शकोतवाल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कोतवाल बारा ।

उपरोक्त सम्वन्धमा नेपाल सरकारको निर्णय अनुसार छुट जग्गा दर्ताको लागि यस कार्यालयमा प्रकाशित भएको सूचना ताहाँ वडा कार्यालयहरुमा र पालिकामा प्रकाशित गर्न लगाई दिनु हुन १ प्रति सूचना यसैपत्र साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

कौशल किशोर झा
कार्यालय प्रमुख
कार्यालय प्रमुख

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

सिम्रौनगढ बारा ।

प.स.न.-०८०।८१ मालपोत

च.न. : १९३३

मिति २०८०।१०।२९

विषयः- छुट जग्गा दर्ता सम्वन्धी सार्वजनिक सूचना ।

उपरोक्त सम्वन्धमा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८०।१०।०३ को निर्णय अनुसार मालपोत ऐन २०३४ को दफा ७ को उपदफा २ को प्रयोजनार्थ रैकर र गुठी जग्गा अन्तर्गतको जग्गा नाप जाँच ऐन २०१९ वमोजिम नाप नक्सा भएको तर दर्ता गर्नसम्म छुट भएका जग्गा दर्ता सम्वन्धमा मालपोत नियमावली २०३६ को नियम ४(क) को उपनियम १ वमोजिमको सूचना प्रकाशन गर्न स्वीकृती दिने निर्णय भई भूमि व्यवस्था सहकारी तथा गरिवी निवरण मन्त्रालयको सूचना नेपाल राजपत्रमा नेपाल सरकारद्धारा सम्वत २०८० साल माघ ११ गते राजपत्रमा प्रकाशित भई सो सूचना वमोजिम आवश्यकीय कार्यार्थको लागि मिति २०८०।१०।२३ को नेपाल सरकार सचिव स्तरीय निर्णय अनुसार भूमि व्यवस्थापन तथा अभिलेख विभागको प.स. ०८०।८१।ज.प्र.१६।१।६०२ मिति २०८०।१०।२४ को पत्रबाट लेखि आएकोले राजपत्रमा प्रकाशित मितिले २ वर्षभित्र नाप नक्सा भएको जग्गा दर्ता गर्नसम्म छुट भएका सम्वन्धीत जग्गार्ता गर्न जग्गावालाहरुले तपसिलका कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन दिनु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. जग्गाको साविक दर्ताको प्रमाण ।

२. जग्गा तिरो तिरेको निशा वा प्रमाण ।

३. भूमिसुधार सम्वन्धी ७नं. फारम ।

४. प्रमाणित फिल्डवुक र नक्सा

५. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

६. स्थानिय पालिकाको वडा कार्यालयको हकभोग सम्वन्धी वडा मुचुलका सहितको किटानी सिफारिस ।

७. नामसारी दर्ता गर्नु भए मृत्यु दर्ता प्रमाण पत्र नाता प्रमाणपत्र तथा हकवाला एकिन भएको किटानी सिफारिस ।

८. भूमि सम्वन्धी नियमहरु २०२१ को १, २, ३ र ४ नं. अनुसूचीहरु ।

९. कुनै अदालतको फैसला भए सो को जानकारी सहितको प्रमाणित फैसला ।

१०. आवश्यकीय अन्य प्रमाणहरु ।

२०८०।१०।२९

कार्यालय प्रमुख